


राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

सूचना

धुम्रपान र मद्यपानबाट टाढा रहौं ।
सुखी र स्वस्थ जीवन बिताऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

वर्ष–१२ ।। अङ्क : ९८ ॥ २०७७ श्रावण १८ आइतबार (2nd Aug. 2020, Sunday) Pratidin National Daily मूल्य–रु.५/–

## बिर्तामोडका राजनीतिकर्मीसहित ११६ जना होम क्वारेन्टाइनमा

*बिर्तामोड (प्रस) ।* कोरोना संक्रमितको सम्पर्कमा आएका बिर्तामोडका ११६ जना यतिबेला होम क्वारेन्टाइनमा छन् । बिर्तामोड आएका बाह्रदशी र इलामका कोरोना संक्रमितहरुसंगको सम्पर्कमा पुगेकाहरुलाई होम क्वारेन्टाइनमा राखिएको हो। होम क्वारेन्टाइनमा बस्नेहरु केही राजनीतिकर्मीहरु पनि रहेका छन् । कोरोना संक्रमित बाह्रदशी गाउँपालिकाका नेपाल कम्युनिष्ट पार्टीका नेता र सोही ठाउँका स्वास्थ्यकर्मी एवं औषधि व्यवसायीको सम्पर्कमा आएका बिर्तामोडका ६८ जनालाई कन्ट्र्याक्ट ट्रेसिङ गरी होम क्वारेन्टाइनमा राखिएको हो । त्यस्तै इलामका संक्रमितको सम्पर्कमा आएका ४८ जनालाई कन्ट्र्याक्ट ट्रेसिङ गरी उनीहरुलाई पनि होम क्वारेन्टाइनमा राखिएको छ । संक्रमितहरु आएपछि संभावित संक्रमणको जोखिममा परेको बिर्तामोडमा पहिलोपटक ठूलो मात्रामा कन्ट्र्याक्ट ट्रेसिङ गरिएको हो । बाह्रदशीका दुई जना संक्रमितको सम्पर्कमा आएका ६८ जना र ईलामका संक्रमितको सम्पर्कमा आएका ४८ जना र अन्य गरी जम्मा १३३ जनाको कन्ट्र्याक्ट ट्रेसिङ गरिएको बिर्तामोड नगरपालिकाका फोकल पर्सन ओम खड्काले बताए ।तीन दिन लगाएर सो कन्ट्र्याक्ट ट्रेसिङ गरिएको र परीक्षणका लागि त्यसलाई शुक्रबार पिसिआर ल्याबमा पठाइएको उनले जानकारी दिए । अबको चार दिनमा त्यसको रिपोर्ट आउने जनाइएको छ ।



बाह्रदशी २ घर भएका नेकपाका ती जिम्मेवार नेता साउनको पहिलो साता बिर्तामोड आएका थिए । नेकपाको पार्टी कार्यालयमा उनी कामको सिलसिलामा गएका थिए। त्यस बखत उनले केही राजनीतिकर्मीलाई भेटेका थिए। त्यस दिन कार्यालयमा रहेका जिल्ला तहका पार्टी कार्यकर्ता र उनीहरुले भेटेका अन्य कार्यकर्ताहरुको कन्ट्र्याक्ट ट्रेसिङ गरी सबैलाई होम क्वारेन्टाइनमा बस्न भनिएको एक कार्यकर्ताले बताएका छन् । 'कन्ट्र्याक्ट ट्रेसिङको रिपोर्ट नआएसम्म सबैलाई घरमै बस्न भनेका छौं' उनले भने ।

त्यस्तै इलाममा कार्यरत सशस्त्र प्रहरी निरीक्षकसंग सम्पर्कमा आएकाहरुलाई पनि कन्ट्र्याक्ट ट्रेसिङ गरी होम क्वारेन्टाइनमा राखिएको छ । इलामका कोरोना संक्रमित सशस्त्र प्रहरी रिपोर्ट नआउँदै बिर्तामोडको पूर्वमा रहेको धर्मकाँटा छेउको घरमा बस्दै आएका थिए ।झापाको बाहुनडाँगीमा ती सशस्त्र प्रहरी निरीक्षकको स्वाब संकलन गरिएको थियो ।

बाह्रदशीका ती दुई कोरोना संक्रमित व्यक्तिहरुको नजिकको सम्पर्कमा रहेका ४१ जना सबैको रिपोर्ट भने नेगेटिभ आएको छ। ती संक्रमितहरुको सम्पर्कमा आएका बाह्रदशीका ४१ जनाको कन्ट्र्याक्ट ट्रेसिङ गरिएको थियो । जसको रिपोर्ट शुक्रबार नेगेटिभ आएको हो । नेकपाका नेताको घरपरिवारमा श्रीमती र छोराछोरीको समेतको कन्ट्र्याक्ट ट्रेसिङको रिपोर्ट नेगेटिभ आएको हो । त्यस्तै उनीसँगै हिडेका ७२ वर्षका एक बृद्धको रिपोर्ट पनि नेगेटिभ आएको छ। वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचाररत बाह्रदशीका दुवै संक्रमितहरु स्वस्थ्य रहेका छन् । उनीहरुमा कोरोनाको खासै लक्षण नदेखिएको जनाइएको छ। 'मलाई केही भएको छैन , मेरो परिवारका सदस्यहरुको रिपोर्ट समेत नेगेटिभ आइसक्यो ' उनले प्रतिदिनसँग भने,' अरुहरुले डराउनु पर्दैन ।' उनले आफूहरुको कारणले त्रसित नहुन आमसमुदायसँग आग्रह गरे ।त्यस्तै अर्को संक्रमित बाह्रदशीका स्वास्थ्यकर्मी एवं औषधि व्यवसायीले आफू विगत एक महिनादेखि बिर्तामोड नआएको स्पष्ट पारेका छन् । उनले आफ्ना स्टाफहरु चाहिँ बिर्तामोड आएको बताए । ती स्वास्थ्यकर्मीको घरका सदस्य र स्टाफहरुको रिपोर्ट पनि नेगेटिभ आएको छ । अर्को पिसिआर रिपोर्टको पखाईमा रहेका दुवैले आफूहरु संक्रमण थाहा पाइपाइ बिर्तामोडलगायतका स्थानमा घुमेकोजस्ता भ्रम नफैलाउन आग्रह गरेका छन् ।

## प्रहरी चौकी बिर्ताबजारकी महिला प्रहरीलाई कोरोना

*बिर्तामोड ( प्रस) ।* प्रहरी चौकी बिर्ताबजारमा कार्यरत एक महिला प्रहरीलाई कोरोना संक्रमण देखिएको छ। २४ वर्षिया ती महिला प्रहरी मेची आँखा अस्पताल क्वारेन्टाइनको सुरक्षार्थ बसेकी थिइन् । उनलाई शनिबार कोरोना संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय झापाका फोकल पर्सन जीवन चौलागाईले जनाएका छन् । साउन १४ गते मेची आँखा अस्पतालको सुरक्षार्थ बसेका ३ जनपद , ६ सशस्त्र प्रहरी र अन्य गरी ३९ जनाको स्वाब संकलन गरी पठाइएको थियो । त्यसमध्ये ती महिला प्रहरीको रिपोर्ट पोजेटिभ आएको बिर्तामोड नगरपालिकाका फोकल पर्सन ओम खड्काले बताए । संक्रमित ती महिला प्रहरीका श्रीमान् पनि प्रहरी हुन् । जो काँकडभिट्टामा कार्यरत छन् । सीमामा कार्यरत ती प्रहरीलाई केही दिन अघिदेखि ज्वरो आएको र शंका लागेर उनकी श्रीमतीलाई परीक्षण गर्दा पोजिटिभ देखिएको जनाइएको छ । उनको श्रीमान्को हालसम्म परीक्षण नभएको र उनलाइ मेची अस्पतालको आइसोलेशनमा भर्ना गरिएको छ । संक्रमित ती महिला प्रहरीलाई भने धरान पठाइएको फोकल पर्सन खड्काले जानकारी दिए । ज्वरो आएपछि ती महिला प्रहरीले औषधि किन्ने गरेको बिर्ताबजारको एउटा औषधि पसल सिल गरिएको छ । जिल्लामा जनपद प्रहरीलाई संक्रमण देखिएको यो पहिलो पटक हो । यसअघि झापाका ३५ जना सशस्त्र प्रहरीलाई कोरोना पुष्टि भइसकेको छ ।




## अर्जुनधारा नगरपालिकामा पाँच दिनको लागि लकडाउन

*अर्जुनधारा ( प्रस) ।* झापामा कोरोना संक्रमण समुदायमा फैलिएपछि अर्जुनधारा नगरपालिकाले ५ दिनका लागि नगरक्षेत्रमा लकडाउन गर्ने निर्णय गरेको छ ।नगरको कोभिड क्राइसिस म्यानेजमेन्ट कमिटी (सीसीएमसी) को शनिबार आकस्मिक बैठक बसी आइतबार बिहान ५ गतेदेखि २२ गतेसम्म लकडाउन गर्ने निर्णय गरेको हो । नगरपालिकाको सभाकक्षमा बसेको बैठकले नगरमा कन्ट्र्याक ट्रेसिङ गर्न सहज होस् भन्नका लागि उक्त निर्णय गरेको हो ।अर्जुनधारा नगर क्षेत्रमा पनि समुदायमा कोरोना भाइरस संक्रमित फेला परिसकेकाले थप समुदायमा स्तरमा फैलनसक्ने सम्भावना रहेको भन्दै उक्त निर्णय गरिएको नगर प्रमुख हरिकुमार रानाले बताए । बिहीबारमात्र अर्जुनधारा वडा नम्बर १ का एक व्यक्तिमा कारोना भाइरस संक्रमण पुष्टि भएको थियो ।




## एकता जोगाउने नाममा गलत प्रवृत्तिको ढाकछोप नगरौंः प्रचण्ड

*झापा (प्रस) ।* नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एकता कायम राख्ने नाममा गलत विचार र प्रवृतिको ढाकछोप गर्न नसकिने बताएका छन् । कम्युनिष्ट नेता तुलसीलाल अमात्यको २३ औं स्मृति दिवसका अवशरमा आयोजिक कार्यक्रममा अध्यक्ष प्रचण्डले गलत विचार र प्रवृतिहरुको ढाकछोप नगरी फछ्र्यौट गर्नुपर्ने बताए। कुनै पनि बाहानामा पार्टी विभाजन हुनुहुँदैन भन्ने जनताको चाहाना नेतृत्वले बुझेको उल्लेख गर्दै उनले भने, 'अक्षुण राख्ने नाममा विभिन्न विचार, प्रवृति र इस्युहरुको बहस ढाकछोप र छोपछाप हुने हुनुहुँदैन । तिनको फछ्यौंट ठिक ढंगले गरिनुपर्छ भन्ने सचेत छौं ।'

साथै उनले बाहिर चर्चा गरे जस्तो पार्टीभित्र कुनै पद प्रान्तिका लागि विवाद नरहेको बताए । 'पटकपटक पद दिएर कम्युनिष्ट आन्दोलन एकतावद्ध हुन नदिने कसरतहरुसँग लडेर हामी आएको हो । अस्थिरता झल्किने कुनै पनि काम नहोस भन्नका लागि आफ्नो तर्फबाट सेक्रिफाइज गरिएका छन्' उनले भने, ' त्यसैले पद प्राप्तीका लागि छिनाझम्टी होइन ।'

'कम्युनिष्ट पार्टी विचार र विधिको संयोजनबाट चल्नपर्छ । विचारलाई कसरी स्पष्ट पार्ने, इस्युहरुमा कसरी अगाडी जाने र विधि पद्धतीको पालना कसरी गराउने भन्ने विषयमा नै केन्द्रित भएर हाम्रा छलफल चलिरहेका छन ।' अहिलेको बहसले पार्टीको एकतालाई अझ माथिल्लो स्तरमा लग्दै सुदृढ गर्ने भन्दै एकता टुटाउने फुटाउने प्रवृतिहरुलाई सबै मिलेर परास्त गर्नुपर्नेमा जोड दिएका छन् ।

## टाङटिङले बगाएर पराजुलीको मृत्यु



*अर्जुनधारा ( प्रस) ।* टाङटिङ खोलाले बगाएर शनिबार एकजनाको मृत्यु भएको छ। झापाको अर्जुनधारा नगरपालिका-४ बस्ने ५६ बर्षीय बिदुर पराजुलीको टाङटिङ खोलाले बगाएर मृत्यु भएको हो ।शनिबार दिउँसो साँढे १२ बजे खोला तर्ने क्रममा पराजुलीलाई बगाएर मृत्यु भएको इलाका प्रहरी कार्यालय बिर्तामोडले जनाएको छ। खोलामा लाश देखेर स्थानीयले प्रहरीलाई खबर गरेको र त्यसपछि प्रहरी टोलीलाई घटनास्थलमा पठाइएको इलाका प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक मुकुन्द रिजालले बताए । झापामा पानीमा डुबेर दुई दर्जनभन्दा बढीको ज्यान गइसकेको छ ।

साधारणसभा सम्बन्धी
सूचना

साना निर्माणकर्मी संघको दोस्रो वार्षिक साधारणसभा निम्न मिति स्थान र समयमा हुने निश्चय भएकाले सम्पुर्ण सदस्यहरुलाई यस अघिनै सूचना पठाई सकिएको छ कारणबस समयमा सूचना पाउनु नभएको भए यसै सूचनालाई आधार मानी उपस्थित भइदिन सबैमा सूचित गरिन्छ ।

मिति: २०७७ श्रावण १८ गते
स्थान: आफ्नै कार्यालय भवन
समय: बिहान ११:00 बजेदेखी

साना निर्माणकर्मी संघ
जिल्ला समिति झापा

हार्दिक बधाई तथा शुभकामना




अथक त्याग र बलिदानीबाट नेपाली कांग्रेसको जेष्ठ राजनीतिज्ञ सभामा मेची नगर नगरपालिकाबाट श्री पुण्यप्रसाद पौडेल , प्रेमराज घिमिरे, याम भण्डारी , तमर राई र प्रेम राई मनोनित हुनुभएकोमा देश र जनताप्रति अझ जिम्मेवार भएर काम गर्ने हौसला मिलोस् भन्दै वहाँहरुको सफल कार्यकालको लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

दिपमाला लिम्बू – सचिव
बिना तामाङ – उपाध्यक्ष
माया गुरुङ – अध्यक्ष

मखमली महिला विकास संस्था
सपरिवार
मेचीनगर - १०, झापा

HD
HAIR & DERMA CARE PVT. LTD.

Our Services

- डर्माटोलोजिष्ट तथा कस्मेटोलोजिस्टहरुको विशेषज्ञ सेवा
- अत्याधुनिक मेसिनहरुद्वारा छालाको जाँच
- उच्च स्तरिय प्रविधियुक्त कस्मेटिक ल्याव
- कोठी, तिलकोठी, मुसा, काटेको, पोलेको घाउका दागहरु हटाईने
- चाया, पोतो, डण्डीफोरको सफल उपचार
- दाद सोराईसिस, एक्जिमा को उपचार
- ट्याटु तथा जन्मदाग हटाईने
- ओठ, आँखा, चिउडो, नाकको आकार लाइ मिलाइने
- ब्रेष्ट, हिपको साईज घटाउन बढाउन सकिने
- पेट तथा शरिरको बोसो घटाउन मिल्ने
- कपालको प्रत्यारोपण गरिने
- फेसियल, मेनिकेयर, पेडिकेयर, ब्राइट कम्प्लेक्सन, बडि स्पा
- Hymenoplasty ( पुन:भर्जिनिटी)



023-542804
Birtamode-1,Jhapa
9815943554
9862679549

# त्रुटिले फैलियो विराटनगरमा कोरोना




*बिराटनगर ( प्रस) ।* औषधि व्यवस्था विभाग काठमाडौंबाट सरुवा भएर आएका एक चिकित्सक १ साउनदेखि कोसी अस्पतालमा हाजिर भए । आउँदै उनलाई सञ्चो थिएन । केही दिन पछि उनलाई रुघाखोकी र ज्वरोको लक्षण देखियो । तर उनी अस्पताल आइराखे । बिहीबार पीसीआर परीक्षण पछि प्रशासन फाँटका एक अधिकृतले उनलाई घरमै आराम गर्न पठाए ।

शनिबार रिपोर्ट आउँदा उनमा कोरोना पोजिटिभ देखियो । तर, धेरै ढिलो भइसकेको थियो । त्यस यता शुक्रबारसम्म अस्पतालका थप ४ मा कोरोना संक्रमणको पुष्टि भइसकेको छ । उनी काठमाडौंबाटै संक्रमित भएर आएको हुनुपर्ने अस्पतालले जनाएको छ । ड्युटि गरिरहेका उनले यो बीचमा मास्क नै नलगाइ अस्पतालको प्रयोगशाला प्रमुख, स्वास्थ्यकर्मी र कर्मचारीसँग बसेर घण्टौं कुरा गरेको अस्पतालले जनाएको छ । उनीसँग निकट सम्पर्कमा आएका सबैको आइतबारदेखि कोभिड-१९ परीक्षण भइरहेको छ । तर उनीहरुको रिपोर्ट नआउँदै कोसी अस्पताल र विराट नर्सिङ होममा कार्यरत स्टाफ नर्समा समेत सोमबार कोभिड-१९ पुष्टि भए पछि थप समस्या उत्पन्न भयो ।

कोरोना भाइरसबाट उक्त नर्सिङ होमका सञ्चालक डा.ज्ञानेन्द्र कार्की संक्रमित भएको पुष्टि भए पछि उनको सम्पर्कमा आएकाको पनि स्वाब परीक्षण भएको थियो । थप परीक्षण पछि आएको रिपोर्टमा ति नर्ससहित उक्त होमका ६ संक्रमित भेटिए । कार्की भने अहिले काठमाडौंको शिक्षण अस्पतालमा उपचार गराइ राखेका छन् ।

'ती स्टाफ नर्स यहाँ बाहेक आंशिक रुपमा विराट नर्सिङ होममा पनि कार्यरत थिइन्, त्यही स्वाब परीक्षण गर्दा उनमा संक्रमण पुष्टि भएको हो,'कोसी अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट (मेसु) डा.चुमनलाल दासले भने,'रिपोर्ट आउनु अगाडि एक दिन मात्र कोसी अस्पताल आएकी उनी घरमै आराम गरिरहकी थिइन् ।' ती नर्ससँग सम्पर्कमा आएका सबैलाई क्वारेन्टाइनमा राखेर पीसीआर परीक्षण भइरहेको उनले जानकारी दिए ।

तर बुधबार बहिरंग सेवाका इन्चार्जसहित दुई जना र शुक्रबार एक जना संक्रमित देखिए । अस्पतालमा बिहीबारै बसेको आकस्मिक बैठकले अनिश्चितकालका लागि ओपीडी सेवा बन्द गर्ने निर्णय गऱ्यो । 'अस्पतालमा आइपुग्ने हजारौं बिरामी र स्वास्थ्यकर्मीको स्वास्थ्यहितकालागि यो जरुरी थियो,' डा.दासले भने,'बहिरंग विभागमा जीवाणुनासक औषधि छर्किने र बिरामी जाँच कोठामा स्प्रे गर्ने काम सकिएको छ, थप स्वास्थ्यकर्मीमा संक्रमण देखिएन भने शीघ्र ओपीडी सेवा सञ्चालन हुन्छ ।'

ती चिकित्सक र स्टाफ नर्सको सम्पर्कमा आएका १ सय ५० जनाको स्वाब संकलन गरिएको अस्पतालले जनाएको छ । यीमध्ये उनीहरुको निकट सम्पर्कमा आएका प्रयोगशाला प्रमुखसहित १४ जना आइतबारदेखि क्वारेन्टाइनमा बसिरहेका छन् भने पछिल्लो संक्रमितको सम्पर्कमा आएका ६ जनालाई शुक्रबार क्वारेन्टाइनमा पठाइएको अस्पतालले जनाएको छ ।

कोसीका ती चिकित्सकसहित पाँचै जना संक्रमितको कोभिड-१९ अस्पतालमा उपचार भइरहेको छ । रिपोर्ट नेगेटिभ आएपनि ती चिकित्सकको सम्पर्कमा आएका प्रयोगशाला प्रमुखसहित ७ कर्मचारी र ती नर्सको सम्पर्कमा रहेका प्रसूतिकासहित स्वास्थ्यकर्मीलगायत १४ जनालाई स्थानीय एक होटेलको क्वारेन्टाइनमा राखिएको छ । जिल्ला जनस्वास्थ्यले स्वास्थ्यकर्मीका लागि होटेलमा क्वारेन्टाइन बस्ने व्यवस्था गरेको हो । कोसीका संक्रमित चिकित्सकको श्रीमती र बच्चा पनि होम क्वारेन्टाइनमा छन् ।

अहिले कोसी अस्पताल र विराटनगरभरि त्रासको माहोल छ । विराटनगरमा संक्रमितको संख्या ह्वात्तै बढेको छ । ६ साउनसम्म २९ मा सीमित संक्रमितको संख्या अहिले सय नाघेको छ । यो १० दिनभित्र बाँकी थपिएका हुन् र थपिँदै छन् । यसमा यात्रा विवरण नखुलेका ५० भन्दा बढी संक्रमित छन् ।

विदेश जान र घरबेटीलाई देखाउने प्रयोजनका लागि सशुल्क अहिलेसम्म पीसीआर परीक्षण गर्ने १ सय २ जनामध्ये १ जनामा समेत संक्रमण देखिएको सूचना अधिकारी विष्णु बहादुर बुढाथोकीले बताए । चिकित्सक र स्वास्थ्यकर्मी संक्रमित भएर कोभिड-९ अस्पतालमा भर्ना हुने र क्वारेन्टाइनमा बस्ने क्रम बढिरहेकोले सेवा समेत प्रभावित भइरहेको उनले बताए ।

यो अस्पतालमा सामान्य अवस्थामा दिनहुँ औसत १ हजार २ सय बिरामी आउँछन् भने चिकित्सक, स्वास्थ्यकर्मी एवं प्रशासनिक जनशक्तिसहित झन्डै ५ सय कर्मचारी कार्यरत छन् । ओपीडी बन्द हुनुअघि समेत दिनहुँ ६ सय बिरामी आइरहेको बुढाथोकीले बताए । 'अरुको उपचार गर्नेकै स्वाब संकलन, परीक्षण, उपचार र क्वारेन्टाइन व्यवस्थापनमा लागे पछि सेवा त प्रभावित हुने नै भयो,' बुढाथोकीले भने, 'स्वास्थ्यकर्मीहरु १४ दिन क्वारेन्टाइनमा बस्न थालेपछि अस्पताल व्यवस्थापनमा समस्या भइरहेको छ, सम्पूर्ण सावधानीकासाथ थोरै कर्मचारीबाट भए पनि आकस्मिक सेवा र फिभर क्लिनिक सञ्चालन गर्दैछौं ।'

आइतबारदेखि चिकित्सक एवं कर्मचारीले हाजिरी गर्नुअघि अस्पतालको प्रशासनिक भवन बाहिर जडान गरिएको धारामा अनिवार्य हात धुनुपर्छ । भित्र प्रवेश गर्दा अस्पतालकै स्टाफले एक अर्कालाई नछोइ बोल्नु पर्छ र काम गर्नुपर्छ । सेवाग्राहीबाट टाढा रहुन् भनेर संक्रमित चिकित्सक एवं नर्सको सम्पर्कमा आएकालाई क्वारेन्टाइनमा पठाइँदैछ ।

'मेरो कार्यालय कोठाको प्रवेशद्वारमै उभिएर ती डाक्टर साबले आफूलाई ज्वरो र रुघाखोकी छ भनेर सुनाउन बितिकै घर जानुस् भनेर सल्लाह दिएँ,' सूचना अधिकारी बुढाथोकीले भने, 'बाँकी हामी मिलाउँछौं भनेर सम्झाएँ तर ट्राभेल हिस्ट्री भएका ती चिकित्सकको लापरबाहीले पुरा अस्पताल समस्यामा पर्यो ।' यस्तो लापरबाही गर्ने उनी मात्र होइनन् । स्थलगत रिर्पोटिङको क्रममा अस्पताल पुग्दा अन्य चिकित्सकहरुले पनि मास्क नलगाइ सेवा दिइरहेका भेटिए । मेसु दासले मास्क नलगाउने तीन वरिष्ठ चिकित्सकलाई मौखिक स्पष्टिकरण सोधेका छन् । 'सबै विभागीय प्रमुख मार्फत मातहतका चिकित्सकलाई कम्तिमा सर्जिकल मास्क लगाउन निर्देशन दिएको छु,' उनले भने,'आफैं पनि अनुगमन गर्दैछु ।' भारतबाट लुकिछुपी आउने बाहेक सुरक्षाकर्मी, नागरिक समाज, उद्योगीव्यवसायी, चिकित्सक एवं स्वास्थ्यकर्मीबाट सामाजिक व्यवहारजन्य त्रुटि नै कोभिड-१९ समुदायसम्म पुग्ने कारण भएको विज्ञहरुले बताएका छन् । खानपिन एवं नियमित चेकजाँचको क्रममा लापरबाहीले सुरक्षाकर्मीहरु संक्रमित भएको हुनसक्ने विराटनगरस्थित कोभिड-१९ अस्पतालका संयोजक ज्ञानबहादुर बस्नेतले बताए ।

'संक्रमितको संख्या बढ्यो भने सतर्क हुने र कम भए पछि बेवास्ता गर्ने सोच छ, चेकजाँचको क्रममा सही ढंगले मास्क नलगाउने तथा उनीहरुले खाने क्यान्टिन र मेसको सरसफाईमा पनि त्रुटि भएको हुनसक्छ,'उनले भने,'नागरिक समाज एवं स्वास्थ्यकर्मीको हकमा पनि संक्रमण फैलिने यस्तैयस्तै कारणहरु हुन् जस्तो लाग्छ ।' बस्नेतका अनुसार समग्र परिवेशका मूल्यांकन गर्दा एक्कासी संख्या बढिरहेको हुनाले यो समुदायमा छिरेको अवस्था हो । 'तर, टोल र बस्ती स्तरबाट नागरिक समाज सचेत भयो भने फैलिन दिनबाट रोक्न सकिन्छ,'उनले भने ।

विराटनगरको हकमा वडास्तरमा 'स्क्रिनिंङ र स्याम्पलिङ' गर्नुपर्ने अवस्था आएको संयोजक बस्नेतले बताए । 'सकेसम्म सबैको र नभए हरेक वडाका केही व्यक्तिको परीक्षण गर्दा पनि वास्तविक स्थिति थाहा हुन्छ,'उनले भने । प्रदेश- १ सामाजिक विकास मन्त्रालयको स्वास्थ्य महाशाखाका प्रमुख डा.सुरेशप्रसाद मेहताले थप विस्तार हुन नदिनलाई ट्रेसिङ, टेस्टिङ र उपचारमा कमी हुन नदिएको बताए । 'स्थानीयबासी पनि मर्निङ र इभनिङ वाक भन्दै मास्क नलगाइ हिँडनु भएन, भीडमा जानु भएन,'उनले भने,'उद्योगव्यसाय सञ्चालन गर्नुस्, काममा जानुस् तर मास्क लगाएर जानुस्, सेवाग्राहीलाई पनि लगाउन भन्नुस्, सके टाढा बसेर कुरा गर्नुस् ।'

# सडक संघर्ष गर्दै नेविसंघ

*झापा ( प्रस) ।* मुलुकमा दण्डहीनता मौलाएको र सरकार स्वेच्छाचारी बनेको दाबीसहित नेविसंघले झापामा प्रदर्शन जारी राखेको छ । नेविसंघले झापाले शुक्रबार भद्रपुर , गौरादह र गौरीगञ्जमा प्रदर्शन गरेको सभापति राजेन्द्र उप्रेतीले बताए । पत्नी हत्यामा आजीवन कारावासको सजाय भुक्तान गरिरहेका रन्जन कोइरालालाई साढे आठ वर्षमा नै छाडिएपछि शक्ति र पैसाको आडमा न्यायालयलाई नै प्रभावमा पारिएको नेविसंघको निश्कर्ष छ । नेविसंघले रन्जनलाई पूरा सजाय हुनु पर्ने, सर्वोच्च अदालतका प्रधानन्यायाधीश चोलेन्द्र शमशेर रणालाई महाअभियोग लगाई कारबाही गर्नु पर्ने लगायतका माग गरिरहेको छ । प्रदर्शनमा नेविसंघले 'नेपाली संप्रभुता जिन्दावाद, न्यायपालिकामाथिको हस्तक्षेप बन्द गर, सुशासन कायम गर ,केपी ओली मूर्दावाद ,रामको अनादर सहने छैन, हिन्दू धर्मको अनादर नगर, चिनियाँ अतिक्रमण स्वीकार्य छैन , चिनियाँ हस्तक्षेप मूर्दावाद, भारतीय बिस्तारवाद मूर्दावाद, हाम्रो भूमि फिर्ता गर 'लगायतका नारा सडकमा लगाइरहेको छ । नेविसंघले मंगलबार बिर्तामोड, धुलाबारी , बुद्धशान्तिलगायतका स्थानमा प्रदर्शन गरेको थियो ।

पत्रपत्रिका पढ्ने बानी बसालौं ।

# ६०० वटा निशुल्क मास्क वितरण



*बिर्तामोड ( प्रस) ।* बिर्तामोड नगरपालिका ३ नं वडा कार्यालयको आव्हानमा शनिबार बिर्ताबजारमा निशुल्क मास्क वितरण गरिएको छ । सामाजिक अभियन्ता रामेश्वर मण्डलको सहयोगमा ६०० वटा मास्क निशुल्क वितरण गरिएको हो । प्रहरी चौकी बिर्ताबजारका इन्चार्ज जानुका चौहानको उपस्थितिमा जनचेतनासहित निशुल्क मास्क वितरण गरिएको मण्डलले बताए । उनले आइतबार पनि मास्क वितरण गर्ने कार्यक्रम रहेको जानकारी दिए । शिक्षित एवं सचेत देखिने ब्यक्तिहरुले नै मास्क नलगाएको उनले बताए । ' मास्क नलगाउने बढी शिक्षित र सचेत व्यक्ति नै पाइयो ' मण्डलले भने, ' त्यस्ता ब्यक्तिहरु बुझेर पनि अबुझ बनेका छन् ।' यसअघि उनले लकडाउनका कारण भोकमरीमा पर्न लागेका ब्यक्तिलाई लक्षित गरी सामूहिक खाना खुवाउने कार्यक्रम संचालन गरेका थिए ।


बाह्रदशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
१ नं. प्रदेश नेपाल

प्रथमपटक प्रकाशित मितिः २०७७।०४।१६

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.स. ०७७/०७८ च.नं./PMEP/२३ को मिति २०७७/०४/१२ को पत्रानुसार यस गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिदसहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन | पद | तह | संख्या |
|---|---|---|---|---|
| १) | ०१/०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौं तह सरह | १ |

**(१) आवश्यक न्यूनतम योग्यता र अनुभव :**
क) सिभिल इन्जिरनियरिङमा प्रवीणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको,
**ख) अनुभव र सिप :** प्राविधिक सहायकमा देहायका अनुभव र सिप आवश्यक पर्नेछः-
- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सिप भएको
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सिपसहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

**ग) उमेर :** कम्तीमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।
**(२) दरखास्त दिने स्थान :** बाह्रदशी गाउँ कार्यपालिकाको कार्यालय ।
**(३) दरखास्त दिने अन्तिम मिति :** २०७७।०४।३० गते दिनको १:०० बजेभित्र ।
**(४) आवेदनको दस्तुर :** रु. ५००।-
**(५) छनौटको किसिम :** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा ।
**(६) आवेदन साथ संलग्नः** कागजातहरु आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु,
- नागरिकता - न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र - चारित्रिक प्रमाणपत्र
- अनुभव खुल्ने कागजात, - २ प्रति पासपोर्ट आकारका फोटो

**(ठ) सेवा सुविधा :** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।
**(ड) सम्पादन गर्नुपर्ने कार्य विवरणः** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धि प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

नोट : आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्य विवरण, पाठ्यक्रम लगायत अन्य जानकारी www.pmep.gov.np वा www.bahradashimun.gov.npमा उपलब्ध छ ।

ज्ञानबहादुर पौडेलः नि. प्रमुख प्रशासकीय अधिकृत



## सामाजिक सुरक्षा परिचय पत्र नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सुचना

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ मा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था बमोजिम यस नगरपालिकाको १० वटै वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धीत वडा कार्यालयमा उपस्थित भई तोकिएको ढाँचामा निवेदन दिई **वि.सं. २०७७ श्रावण मसान्तभित्र** अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनु हुन सुचित गरिन्छ । बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा, बुवा, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ ।

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनु पर्ने कागजातहरु / वडा सचिवले संकलन गर्नुपर्ने कागजातहरु**

- नागरिकता प्रमाण पत्रको प्रतिलिपि
- पासफोटो साइजको २ प्रति फोटो
- बैंक खाता नम्बर
- बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि
- सम्बन्ध विच्छेद गरि अर्को विवाह नगरेकी महिलाको हकमा सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाण
- बिधुवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि
- न्यायिक पृथकीकरण गरी बसेकी महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाण
- विवाह नगरेको महिलाको हकमा वडाको सिफारिस पत्र
- अपाङ्गता भएको व्यक्तिको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि (साविकको महिला तथा बालबालिका कार्यालय वा गा.वि.स. ले बनाएको अपाङ्गता परिचयपत्र मान्य हुनेछैन ।)

वितर्मोड नगरपालिका



बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।



## सूचना

"Time is Now: Rural and Urban Activists Transforming Women]s Lives}

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग



## हाडजोर्नी तथा नशाका समस्याहरूको बिना अप्रेसन सफल उपचार

सफलतापूर्वक उपचार हुने समस्याहरू



ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
वाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका विभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको

सम्पर्क : स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३



## पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु

**औषधीको प्रयोग नगरी उपचार**

बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुनः यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।




सदैव व्यायाम गरौं, सदैव स्वस्थ रहौं ।

पूर्ण टुङ्ग बिर्ता सीटी हस्पिटल
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८००००


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

# अभिव्यक्ति

## मेरी आमा महान् हैनन्

❖सुरेश बडाल

पाँच वर्षको उमेर । गाउँकै बोर्डिङ स्कुल । कक्षा नर्सरी । भर्ना भएर एउटा बेन्चको छेउमा डराई डराई बसिरहेको म सानो फुच्चे । हेर्दै डरलाग्दी मिस कक्षामा पस्नुभयो । 'रोल नम्बर फोर्टी फाइभ सुरेश बडाल ।' मिसले हाजिरका लागि नाम बोलाएपछि र अरू कोही नबोलेपछि आफूअघिका साथीले जस्तै गरी मसिनो आवाजमा 'यास मिस' भनेँ । त्यस दिन मेरो नाम सुरेश बडाल रहेछ भन्ने थाहा पाएको थिएँ ।

योभन्दा अझै केही वर्षअगाडि बुझिने गरी बोल्न, सुन्न र हेर्न नसकेको म बेलैमा झोलुंगोमा उभिएर आँगनको छेउतिर यताउता हिँडिरहेको एउटा आकृति देख्ने गर्थें । त्यो आकृति हेर्दैमा पीडित देखिन्थ्यो । ऊ मलाई शौच गर्न, पिसाब फेर्न र भोकभोकै झोलुंगोमा उभिएर रुन छोडेर खाई न पाईसँग मरिमेटेर काम गर्थ्यो, आफूभन्दा ठूलो भारी बोक्थ्यो । ऊ बर्खामा झरीले भिज्थ्यो, गर्मीमा पसिनाले भिझ्थ्यो ।

काममा एकोहोरिइरहँदा बल्ल कुनै बेला फुर्सदमा यसो सम्झिएर मलाई काखमा लिएर दूध चुसाउँथ्यो, लेग्रा बनेर लतपतिएका आँसुका थोपाहरू पुछिदिँदै 'कोलायो कोलायो' भनेर मलाई छातीमा टाँस्थ्यो । त्यति बेला मलाई यो मान्छे मेरो आफ्नै कोही हो भन्ने लागिसकेको हुन्थ्यो । त्यही मान्छेलाई सम्झिएर मैले अलिअलि अक्षर चिन्न थालेको थिएँ । त्यसपछि केजी कक्षाको होमवर्क कापीमा लेखेको थिएँ, 'मेरी आमाको नाम सीता बडाल हो ।' अनि मलाई थाहा हुँदै आयो, म सीता बडालको छोरो रहेछु ।

सानै छँदा एक दिन मैले झगडा गरेर आमासँग पैसा मागेँ । तर म सतर्क थिएँ, त्यो पैसा मलाई बुवाबाट लिनु थिएन किनकि साथी र गाउँका दाइको पछि लागेर फिल्म हेर्न हलको टिकट काउन्टरमा बुझाउनु थियो । फिल्म हलको टिकट काउन्टरमा बुझाएर राजेश हमालको फाइट हेर्ने पैसा बुवाबाट माग्नु भनेको लगभग राजेश हमालकै लेभलको घुस्सा मैले मेरो चाकको फिलामा भेट्नु थियो। स्वाभाविक रूपमा ममा यो पिटाइको रहर थिएन । त्यसैले बुवाले थाहा नपाउने गरी आमासँग पैसा माग्नुको विकल्प थिएन ।

न जागिर न कुनै व्यवसाय । आमासँग मलाई दिने पैसा थिएन । छन त थियो होला, बेलाबखत माइत जाँदा यसो टीका लगाइदिएर मावली हजुरबाले दक्षिणामा दिनुभएका नोटहरू । अनि बाटो लाग्दै गर्दा त्यो दक्षिणाको आशीर्वादमा अलिकति थप माया मिसाएर हजुरबाले खुसुक्क आमाको पोल्टोमा राखिदिनुभएका थपुवा नोटहरू। तर सासू, ससुरा, जेठाजु, जेठानी नामका अनेक आँखाले एउटी निर्बल आमाले छोरालाई फिल्म हेर्न जान खर्च दिँदै गरेको दृश्य कहाँ पचाउन सक्नु ? कहाँ सक्नु लाटी, गोज्यांग्री, पैसा नचिनेकी, केही थाहा नपाएकी भइदिनुपर्ने जीवले बाठी पल्टेर कमाइ न धमाइ खर्च दिएको कुरा शासक आँखाहरूले पचाउन !

त्यसैले आमाले मलाई पैसा दिनुभएन । म रोएँ, कराएँ, अनेक घुर्की देखाएँ । तर, मैले आमाका विवशता बुझिनँ । थाहा पाउँदो हुँ त, सबैका अघिल्तिर आमाका फरियाको सप्कोमा झुन्डिएर म किन रडाको मच्चाउँथेँ हुँला ? थाहा पाएको भए आमाको मनको कुरा, जानेको भए पढ्न, आमाले नबोलेरै बोलेका कुराहरू, म कतै एकान्त पारेर खुसुक्क माग्थेँ हुँला आमासँग पैसा ! तर, म त आमाले गरेको बेवास्ताबाट आक्रोशित हुँदै भेटिएजति कुराहरूले झट्टी हान्न थालेछु ।

त्यही दिन थियो, मैले आमा साँच्चिकै रुनुभएको देखेको । आमाका पाखुरामा सुम्ला थिए अनि मेरो हातमा आमाकै थाप्लोमा सधैंभरि टाँस्सिइराख्ने नाम्लोको पातो । सुम्ला नबसेको हातले आमा नाम्लोको बरियो समाइरहनुभएको थियो जो एकछिनअघि अर्को हातमा बज्रिएको थियो । मैले आमाको आँखामा आँसु देखेँ । त्यति बेला मलाई एकछिन अघिको समयलाई मेरो जिन्दगीको कालो पाटीबाट धुलो झर्ने गरी मेटाउन मन थियो । तर जीवनका नमीठा सम्झना मेट्ने डस्टर कतै पाइँदो रहेनछ ।

म त्यो घटनाको तुष बोकेर बाँचिरहेँ । मलाई आमालाई बताउन मन थियो - आमा म पापी हुँ, अधर्मी हुँ । कोयामा जालो नपसेको कट्मिरो आँपजस्तै बुद्धिको मसिनो जालो पनि नपसेको अदना ठानेर मलाई माफ गरिदिनुहोला है भनेर मैले कैयौंपटक आमालाई भन्न चाहेँ तर त्यो दिन कहिल्यै आएन । यो कन्फेसन गर्न मलाई झन्डै २० वर्ष लाग्यो । एक दिन जिस्किएजस्तो गर्दै आमालाई भनेँ, 'सानामा मैले पैसा माग्दा तपाईंले दिनुभएन अनि मैले झगडा गर्दै नाम्लोको झट्टी हान्दा तपाईंलाई लाग्यो है, आमा ? ' 'कहिलेको कुरो ? हैन होला, बिर्सिएँ मैले त', आमाले बेवास्ता गर्दै भन्नुभयो । मैले त्यति बेला सम्झिन नचाहनु वा बिर्सिदिनु नै माफी दिनु हो भनेर बुझेँ, आमा । आज ३० वर्षको उमेर काटेपछि बल्ल मैले मेरी आमालाई चिन्दैछु । कति कुरालाई बिर्सिदिएर, कति कुरा नसुनेजस्तो गरिदिएर, कति कुरा सहिदिएर बाँच्नुभएको रहेछ आमा ।

मेरी आमाबिना घरको परिचय हुँदैन । तर, मेरी आमाको परिचय पनि मेरो घरमा केही छैन । मेरी आमाको नाम मेरा बाले बाजा बजाएर, सिन्दूर हालेर आफ्नो घरमा ल्याउनुअघि मात्र सीता थियो । तर पराईघरमा आएपछि आमाको परिचय फेरियो । उहाँ कसैकी श्रीमती बन्नुभयो, कसैकी बुहारी बन्नुभयो, कसैकी आमा बन्नुभयो । तर आफू बन्नुभएन । 'सीता' मेरी मावली हजुरबाकी छोरी हुन् । मेरो मामाकी बहिनी हुन् । मलाई आज आएर मामाघर प्रिय लाग्न थालेको छ किनकि त्यहाँ मलाई 'सीताको छोरो' भनेर चिन्छन् । मेरो आमाको परिचय छ उहाँको माइतीमा। आमालाई हेर्दा मनमा प्रश्नहरूका ज्वारभाटा उठ्छन्, के ती तमाम छोरीले आफ्नो 'कन्यादान' हुँदै गर्दा आफ्ना परिचयका काँचुलीहरू माइतमै छोडेर आएका हुन् ? अलिअलि रहलपहल परिचयका अवशेषहरू पनि आमा बनेपछि नै सेलाएका हुन् ?

एक दिन कुरैकुरामा आमाले भन्नुभयो, 'अब एउटी राम्री, घर गरेर खाने केटी खोजेर तेरो बिहे गर्नुपर्छ । मलाई पनि बुहारी भित्याएर सासू बन्ने रहर लाग्या छ ।' मैले सोधेँ, 'घर गरेर खाने भनेको के हो आमा ? तपाईंजस्तै घरधन्दामा नै अल्झिएर आफ्ना चाहनाहरूको अन्त्येष्टि गर्ने केटी खोज्ने भन्नुभाको हो ? '

आमा मौन हुनुभयो । मलाई धेरै कुरा भन्न मन थियो तर आमाको मन दुखाउने काम मबाट भएन । म आफैं खोजौंला आमा मेरा लागि केटी भनेर भन्न मन थियो । मलाई तपाईंको जस्तो कुलघरान, जात, गोत्र इत्यादि हेरेर गरेको विवाहमा कुनै आपत्ति छैन, तर के तपाईंलाई आफूलाई बुझिदिने मान्छेसँग जीवन बिताएँजस्तो लाग्छ ? मलाई भन्न मन छ आमालाई, तपाईंलाई अहिले कुनै दुःख छैन । छोराछोरी सबै थान्कोमान्को लागिसके। सुविधाहरू प्रशस्त छन् । विडम्बना ! तपाईंलाई सुख र खुसीको अर्थ नै थाहा छैन । के तपाईंको सुख सन्तानमा र खुसी श्रीमान्मा टिकेको हैन र ? खै त तपाईंको आफ्नो रहर पूरा गर्न पाउँदाको खुसी ? हामी जन्मिँदा तपाईंले खाना पनि छोराछोरीलाई ज्यादा दूध आओस् भनेर खानुहुन्थ्यो । तपाईं त भोकै बस्दा पनि बाकै आयु लामो होस् भनेर बस्नुहुन्छ । तपाईंका हातखुट्टा पनि गोठका गाईबस्तुका लागि चल्ने गर्छन् किनकि तपाईं सुतेको दिन तिनेरु भोकले ड्वाँ ड्वाँ कराउन थाल्छन् । साँच्चि तपाईं कसका लागि सास फेर्नुहुन्छ ? कसका लागि बाँच्नुहुन्छ ? अनि कसको ऋण तिर्न यो धर्तीमा जन्मिनुभो, आमा ?

तपाईं मात्र हैन आमा, यो देशमा लाखौं यस्ता आमा छन् जो ती लाखौं बाका कहिल्यै जीवनसाथी भएनन् केवल दासी भए, सेविका भए । के कहिल्यै ती बाहरूले श्रीमतीलाई तिमीलाई केको पीर छ भनेर सोधे त ? तिम्रो सपना के हो भनेर सोधे त ? कहाँ घुम्न जान मन छ ? गीत गाउने रहर भए गाउँ, नाच्न मन भए उन्मुक्त भएर नाच भनेर पिठ्यूँ थप्थपाएर ढाडस दिए त ? हाम्रै बाले तपाईंलाई खाना पस्किएर दिएर तपाईंले खाउन्जेल के के चाहिन्छ सोध्दै, थप्दै गरेर अन्तिममा तपाईं उठेर चुठ्न गएपछि त्यही जुठो थालमा आफूलाई खाना राखेर खाना कुनै पनि जुनीमा सक्नुहुन्न । तर 'आइज प्यारी आज सँगै खाऊँ' भन्न त सक्नुहुन्छ नि । किन यसो कहिल्यै भन्नुहुन्न ?

प्रत्यक्ष/परोक्ष, बुवाविरुद्ध मलाई यो लेखोट लेख्ने किञ्चित मन थिएन । यहाँ आमाका नाममा लाखौं ठेली लेखिसकिए । आमा महान् भनेर पढेका ती अनेकन् शब्दले आज उमेरको यो मोडमा आएर मलाई बिझाउन थालेका छन् । म मेरी शोषित, पीडित अनि दुखियारी आमाको अनुहारमा 'महान्' शब्दले सिँगार्नुपर्ने कुनै तेज र आभा देख्दिनँ । के आधारमा म मेरी आमालाई 'महान्' भनूँ ? मलाई जन्माइदिएकै आधारमा मेरी आमा 'महान्' हुने हो र ? मलाई जन्माइदिएर, स्याहारसुसार गरेर, मेरा आँखामा सपनाहरू फुल्ने फूलबारी गोड्दै गर्दा आमाका चर्चरी फुटेका कुर्कुच्चाहरूले आफ्नै रहर अनि चाहनाका काँडाहरू कति कुल्चिए होलान् ? कति बिझेका होलान् आमाका मुटुमा अधुरा रहरका थकथकी लाग्ने खिलहरू ? आमा भन्नुहुन्छ, म हरेक रात उहाँको सपनामा आउँछु अरे । अनि मैले देख्ने सपनामा पनि त म आफैं आउँछु । मलाई यो कुराले साह्रै पोल्दछ, किन मेरो सपनामा चाहिँ आमा कहिल्यै आउनुहुन्न ? के आमाहरूको आफ्नै सपनाहरू हुँदैनन् ? अरूकै सपना देखिदिनुपर्ने विवशता भएकी मेरी आमा कसरी 'महान्' ?

मेरी आमालाई 'महान्' भन्नुपर्दा मलाई हीनताबोध हुन्छ । आफ्नो अस्तित्व नै नामेट पारेर अरूले बनाइदिएको व्यवस्थाको पिँजडामा बाँचेकी मान्छेलाई कसरी महान् भनूँ ? एउटी अबोध, निर्बल र कमजोर नारीलाई उसले यावत् अन्याय र थिचोमिचो सहिदिएकै आधारमा महान् हुनुपर्ने ? आमालाई महान् भन्नु भनेको आउँदा कैयन् पुस्ताका छोरीहरूलाई आफ्ना पखेटा काटेर, खुट्टामा नेल लगाएर हामी पुरुषका निम्ति बाँच्न अभिशप्त बनाउन प्रेरित गर्नु हो । अन्याय सहनु भनेको डराउनु हो, त्रासदीको कम्बल ओढेर निदाएजस्तो गर्नु हो । काँतरहरू कहाँ 'महान्' हुन्छन् र ? आमा कहिलेकाहीँ आफ्नै सुरमा गीत गाउनुहुन्छ । आमाका आफ्नै शब्दहरू छन्, आफ्नै लय छ । सायद अवसर पाउनुभएको भए आफ्नो रहर पूरा गर्नुहुन्थ्यो होला मेरी आमाले । कसैले सुन्छ कि भनेर सतर्क हुँदै आमा गुन्गुनाउनुहुन्छ-

आज राति घट्ट गाको पालो मैले पाइनँ
पिनिसक्दा रात बित्यो म फर्केर आइनँ
रातैभरि कुरेँ मैले घटेराको छाप्रो
पानीसँग निलेँ मैले त्यही रोटीको पाप्रो...।

मलाई भन्न मन लाग्छ, आमा तपाईं खुलेर गाउनुस् आफ्ना विरहका गीतहरू । सुर नमिल्ला, ताल बहकिएला तर त्यो उकुसमुकुस लाग्ने हृदयको गुफाबाट निस्किएका एक एक शब्दले हजारौं मन छुनेछन् । जे भए नि सुस्केराहरू तरंगित हुनेछन् । अनि बल्ल भन्नेछु म मेरी आमालाई महान् । त्यही दिन थियो, मैले आमा साँच्चिकै रुनुभएको देखेको । आमाका पाखुरामा सुम्ला थिए अनि मेरो हातमा आमाकै थाप्लोमा सधैंभरि टाँस्सिइराख्ने नाम्लोको पातो । सुम्ला नबसेको हातले आमा नाम्लोको बरियो समाइरहनुभएको थियो जो एकछिनअघि अर्को हातमा बज्रिएको थियो । मैले आमाको आँखामा आँसु देखेँ ।

तपाईं त भोकै बस्दा पनि बाकै आयु लामो होस् भनेर बस्नुहुन्छ । तपाईंका हातखुट्टा पनि गोठका गाईबस्तुका लागि चल्ने गर्छन् किनकि तपाईं सुतेको दिन तिनेरु भोकले ड्वाँ ड्वाँ कराउन थाल्छन् । साँच्चि तपाईं कसका लागि सास फेर्नुहुन्छ ? कसका लागि बाँच्नुहुन्छ ? अनि कसको ऋण तिर्न यो धर्तीमा जन्मिनुभो, आमा ?



❖डा. अजय रिसाल

काव्य, शास्त्र अनि विनोद सबै विधामा संस्कृतको उच्चासनलाई कसैले हल्लाउन सक्दैन । हठ योग, ध्यान योग एवं वास्तुशास्त्रलाई समेत संस्कृतले नै समृद्ध बनाएको हो । नाट्यश्वर शिवको ताण्डव नृत्यको यस विधामा रहने योगदान कसरी बिर्सन सकिएला ? दक्षिण एसियाली मुलुकहरुको भाषा-संस्कृतिमा संस्कृतको स्थान त छँदैछ ।

## भाषा मात्र होइन संस्कृत

संस्कृत भाषालाई प्रारम्भिक शिक्षामा प्रवेश गराउने चर्चाले अलिकति रोमाञ्चित झैं हुन पुगेको छु । अलि ढिलै भए पनि सम्बन्धित निकायको 'घैंटोमा घाम लागेको' हो कि जस्तो पनि लागिरहेको छ । अर्कोतिर यसलाई बाहुनवाद या जातिवादका रूपमा अर्थ्याएर विरोध गर्नेहरू पनि नभएका होइनन् ।

हुन पनि हो । संस्कृत भन्नाले 'कर्मकाण्ड गर्ने पुरेत, पुराण भन्ने पण्डित, अनि मठमन्दिरमा हुने साधुसन्त महाराजहरूकै प्रयोगमा रहने भाषा'का रूपमा बुझिएको छ जनमानसमा । तर, तथाकथित 'बाहुन'कै परिवारमा अनि संस्कृतका धुरन्धरहरूको सान्निध्यमै जन्मेहुर्केको भए पनि म यो विहंगम ज्ञानराशिको सतहमा मात्रै भौंतारिरहेको छु अझसम्म । मैले जान्न,बुझ्न, सिक्न, अध्ययन गर्न त धेरै नै बाँकी छ । यसलाई दुर्भाग्य नै ठान्छु म आफ्नो ।

घरपरिवारको संस्कार अनि प्रारम्भिक शिक्षण कालमा विद्यालयको शैक्षिक वातावरण (पहिले यसको पढाइ कक्षा ४-७ हुने गर्थ्यो)का कारणले पनि होला, सानैदेखि संस्कृत जान्नैपर्ने विषय हो भन्ने मलाई नभएको भने होइन । अलिअलि संस्कृत जाने बुझेको पनि छु । यति अर्धज्ञानको भरमै पनि आफूले मानसिक स्वास्थ्यको उच्च शिक्षा लिएको ठाउँ भारतको कर्णाटक राज्यको भाषा 'कन्नडा' सिक्न मलाई सुलभ भएको थियो । तर, पनि यसको गहिराइमा पुग्न भने अझै सकेको छैन म । आधुनिक चिकित्सा अनि मानसिक स्वास्थ्यको विद्यार्थी हुँदाहुँदै पनि संस्कृतको बारेमा थोरै मात्र भए पनि अध्ययन गर्ने हुटहुटीको उपज नै हो यी शब्दहरू कोर्ने जाँगर ।

आजसम्म संस्कृत भाषामा तीन करोड कृति उपलब्ध छन् भनिएकै छ, 'जे संसारमा छ, त्यो महाभारतमा छ । जे महाभारतमा छैन, त्यो अन्त कतै छैन ।' हाम्रो प्राचीन इतिहासले नै देखाउँछ– संस्कृत तथाकथित 'बाहुन'हरूको मात्र हुँदै होइन । 'गायत्री मन्त्र'का प्रथम साधक विश्वामित्र क्षत्रीय कुलमा जन्मेका, ज्ञानभण्डार वेदका संकलक गुरु व्यास माझिनी (शुद्र) को कोखबाट जन्मेका अनि आदिकवि वाल्मीकि डकैती पेसामा संलग्न थिए । तिनले संस्कृत अध्ययनबाटै ऋषिकल्पको स्थान पाएका थिए भने अहिले आएर संस्कृत भाषा 'बाहुन'हरूको पेवा या संस्कृतको अध्ययन-अध्यापनले बाहुनवादलाई प्रश्रय दिएको भनेर कसरी भन्न सकिएला ?

संस्कृत भाषाकै कृति श्रीमद् भागवतगीताको अध्याय ४ को १३औं श्लोक 'चातुर्वर्ण्यं मया सृष्टं गुणकर्म विभागशः...' अध्ययन गर्दा नै थाहा हुन्छ– ब्राह्मण, क्षत्रीय, वैश्य र शुद्र, यी चार वर्ण जन्मका आधारमा नभएर गुण र कर्मका आधारमा वर्गीकृत भएका हुन् । मेरा कुरा गर्दा मैले विश्वविद्यालयको सहप्राध्यापकको नाताले पढाउने कार्य गर्ने हुँदा म 'ब्राह्मण' हुँ, अनि बिरामीको सेवा गर्ने चिकित्सा पेसा भएका कारण म 'शुद्र' पनि हुँ । जन्मको आधारमा 'बाहुन' भएकै कारण मैले संस्कृत पढ्न पाउने भन्ने हुँदै होइन । शिक्षा अनि ज्ञानका लागि मेहनत गर्ने जोसुकैले पनि संस्कृत पढ्न पाउनुपर्छ । तब मात्र ज्ञानको दायरा फराकिलो हुने अनि भाषा समृद्ध बन्ने हो ।

अध्ययनहरूले दर्शाएका छन्– कर्मकाण्ड या धार्मिक-सांस्कृतिक उपयोगका लागि मात्र पाँच प्रतिशत 'संस्कृत'को प्रयोग भएको छ । बाँकी ९५ प्रतिशत 'संस्कृत' त दर्शन, कानुन, विज्ञान, साहित्य, व्याकरण अनि ध्वनिविज्ञानको आधारस्तम्भ भएर रहेको छ । व्याकरण, शब्दभण्डार अनि उच्चारणको वैशेष्यताले ओतप्रोत संस्कृत भाषा विश्वका दुई सय ५० विश्वविद्यालयमा अध्ययन-अध्यापन भइरहेका छन् । खर्बभन्दा बढी (१०२ अरब ७५ करोड ५० लाख) शब्द-भण्डार भएको यो भाषा विश्वको प्राचीनतम भाषा हो, अनि यसलाई देव भाषा पनि मानिन्छ । विश्वका थुप्रै भाषाकी जननी मातृभाषा संस्कृतका ३६ व्यञ्जन अनि १६ स्वर आजसम्म पनि अपरिवर्तित अनि अपरिमार्जित अवस्थामै छन् ।

अनुस्वार, विसर्ग अनि प्रत्येक शब्द उत्पत्ति गर्ने 'धातु'हरूको उच्चारण मात्र पनि मानव शरीरको आरोग्यताको परिसूचकका रूपमा रहेको बताएका छन् आधुनिक वैज्ञानिकहरूले समेत । आजसम्म संस्कृत भाषामा तीन करोड कृति उपलब्ध छन् । यति समृद्ध छ संस्कृत । 'वैदिक' र 'लौकिक' दुई अवयवमा विकसित हुँदै गएको संस्कृत भाषा ऋग्वेदका ऋचाहरूमा नै सर्वप्रथम अभिव्यक्त भएको देखिन्छ । श्रुति-स्मृति परम्परा अनि गुरु, शिष्य सम्बन्धमा प्रसारित हुँदै गयो वैदिक संस्कृत । करिब पच्चीस सय वर्ष अघिसम्म राजकीय भाषाका रूपमा रहेको थियो लौकिक संस्कृत । हाम्रै देशको इतिहास हेर्दा लिच्छविकालीन शिलालेख (मानदेवको चाँगुनारायण अनि अंशुवर्माको विश्वरूप मूर्ति)मा संस्कृत भाषा नै लिपिबद्ध भएको पाइन्छ । मल्लकालीन राजाहरूमा प्रताप मल्लले रचना गरेका संस्कृत कृतिहरूका कारण उनलाई कवीन्द्र भनिने गरिएको अनि सिद्धिनरसिंह मल्लले संस्कृतकै अध्ययन गरेर तान्त्रिक साधना गर्ने गरेको पाइन्छ । आर्यजगत्को धर्मसंस्कृतिको जगका रूपमा रहेको संस्कृत 'ब्राह्मण' (जात बाहुन होइन) ग्रन्थहरूको नाममा सांस्कृतिक एवं कर्मकाण्डीय पद्धतिहरूको दस्तावेजका रूपमा रहेको पनि पाइन्छ ।

संस्कृत साहित्यको कुरा गर्दा 'महाभारत'जस्तो महाकाव्य द्वैपायन व्यासले रचना गरेको अनि वैशम्पायन, लोमहर्षण र उग्र श्रवाले इतिहासका रूपमा दुई हजार वर्षअघि त्यसको व्याख्या गरेको देखिन्छ । आजपर्यन्त महाभारत साहित्यका लागि मात्र नभई राजनीति र अर्थशास्त्रको समेत अमूल्य निधिका रूपमा रहेको छ । भनिएकै छ, 'जे संसारमा छ, त्यो महाभारतमा छ । जे महाभारतमा छैन, त्यो अन्त कतै छैन ।' त्यस्तै वाल्मीकिको रामायण मानवीय संवेदनाको द्योतकका रूपमा अद्यापि छ । संस्कृतको विरोधमा ठूलाठूला काण्ड मच्चाउन पछि नपरेकाहरूले समेत विद्वता छाँट्न यिनै ग्रन्थका श्लोकहरूको सहायता लिने गरेको कसैबाट छिपेको छैन ।इसाको पहिलो शताब्दीमा अश्वघोषले लेखेका बुद्धचरित्र बौद्ध दर्शनको प्रमुख कृति हो । चौथो शताब्दीमा विष्णु शर्माको पञ्चतन्त्रको कथा आएको थियो, जुन आजपर्यन्त अनेक भाषामा नीति कथाका रूपमा अनूदित भइरहेका छन् । पाँचौं शताब्दीमा महाकवि कालिदासको कुमारसम्भव अनि रघुवंश बहुप्रचारित भएको थियो । रघुवंश त साहित्य मात्र नभई दर्शनका रूपमा मानवका चार पुरुषार्थ– धर्म, अर्थ, काम, मोक्षको सैद्धान्तिक विवेचनामा पनि सफल हुन पुगेको छ ।

छैटौं शताब्दीमा आएको भारवीको किराँतार्जुनीय मोक्ष नाटक आजपर्यन्त प्रसिद्ध छ । सातौं शताब्दीमा वाण भट्टको कादम्बरी जन्मिएको थियो । एघारौं शताब्दीको गोधालाको उदयसुन्दरी उपन्यासले अद्यापि औपन्यासिक विशिष्टता बोकेको छ । त्यस्तै, सोमदेवको कथाचरित सागर, क्षेमेन्द्रको कलाविलाश र दशावतार चरितम् पनि संस्कृत साहित्यका अमूल्य निधि हुन् । साहित्यिक समालोचनाको क्षेत्रमा पनि संस्कृत भाषाको योगदान अतुलनीय छ । भरतको नाट्यशास्त्र, दण्डी एवं भोजजस्ता विद्वान्हरूको यस क्षेत्रमा ठूलो प्रयास पाइन्छ । नीलकण्ठको मनोवाद एवं व्यंग्य रचना पनि प्रसिद्ध नै छन् ।

छन्द शास्त्रमा संस्कृतको योगदान त सबै ग्रन्थ-पुराणमा देखिएको सर्वविदितै छ । सनातन हिन्दु धर्म त भयो नै, अन्य धर्मग्रन्थ पनि संस्कृतमै रहेको पाइन्छ । बौद्ध धर्मको महायान पन्थका कृतिहरू सुरुमा प्राकृत भाषामा रहेका तर पछि संस्कृत भाषामै तिब्बत आदि देशमा विस्तारित हुन पुगे । सिख धर्मको पवित्र गुरुग्रन्थ साहिब पनि संस्कृतमै लिपिबद्ध भएको थियो । संस्कृत व्याकरण पाणिनिको अष्टाध्यायीमा उद्घाटित भएको थियो, जसका सूत्रहरू परिभाषित गरेर आजपर्यन्त संस्कृतकै ज्ञानभण्डार विकसित हुँदै गएको छ ।

वैज्ञानिक, प्राविधिक एवं दार्शनिक क्षेत्रमा पतञ्जलिको योगदान हामी कसरी पो भुलौंला र ? आयुर्वेदको विकासमा तिनको प्रमुख स्थान रहेको सर्वविदितै छ । त्यस्तै, चरक एवं सुश्रुतले स्वास्थ्य क्षेत्रमा स्थान बनाएका थिए संस्कृतकै माध्यमद्वारा । चाणक्य-कौटिल्यको साहित्य, प्रशासन, कूटनीति एवं अर्थशास्त्रजस्ता थुप्रै स्थानमा दखखल रहेको प्रमाणित भइसकेको छ । चार्वाक्, मनु, याज्ञवल्क्य, गार्गी, मैत्रेयी आदि विद्वान् विदूषीहरूको विविध क्षेत्रमा रहेको योगदानको प्रमुख माध्यम संस्कृत नै थियो । गौतम बुद्ध, रामार्जुनाचार्य, रामकृष्ण परमहंश, विवेकानन्द आदि महात्माहरूको स्मरण नगरी संस्कृतको आध्यात्मिक, दार्शनिक पक्षको निरुपण कसरी पो होला र ?

अतः काव्य, शास्त्र अनि विनोद सबै विधामा संस्कृतको उच्चासनलाई कसैले हल्लाउन सक्दैन । हठ योग, ध्यान योग एवं वास्तुशास्त्रलाई समेत संस्कृतले नै समृद्ध बनाएको हो । नाट्यश्वर शिवको ताण्डव नृत्यको यस विधामा रहने योगदान कसरी बिर्सन सकिएला ? दक्षिण एसियाली मुलुकहरूको भाषा-संस्कृतिमा संस्कृतको स्थान त छँदैछ । लाओस, कम्बोडियाजस्ता देश अनि जर्मनीजस्ता युरोपेली राष्ट्रहरूमा समेत यसको विकास हुँदै गएको छ । भारतको उत्तराखण्ड राज्यमा अझै पनि संस्कृत राजकीय-औपचारिक भाषाका रूपमा छ ।

कर्णाटकको मत्तुर गाउँका सबै जनता संस्कृतभाषी नै रहेको पाइएको छ । संस्कृतकायावत् विशेषताहरू देख्दादेख्दै पनि हामीले यसलाई कर्मकाण्डकै अंगका रूपमा मात्र अझै खुम्च्याइरहन सुहाउला त ? हामी सबै संस्कृतलाई जान्न/बुझ्न अग्रसर बन्न अब ढिलो भएन र ?

# ‘कोरोनाको जोखिम बढ्दैछ, अब आफैं सचेत हुनुपर्छ’

**सरकारले चार महिना लामो लकडाउन खोलेपछि दिनप्रतिदिन कोरोना संक्रमित बढ्दै गएका छन् । सरकारले नागरिकलाई स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर जीवनयापन सहज बनाउँदै लैजान आग्रह गरिरहेको छ । उपत्यका र बाहिरका जिल्लामा संक्रमितको संख्या बढ्दै जाँदा कोरोना समुदायमै फैलिएको आशंका गरिएको छ । अर्कोतर्फ सरकारले परीक्षण दायरा पनि बढाउँदै लगेको छ । देशभर करिब २८ वटा पीसीआर ल्याबमा कोरोनाको नमुना जाँच भइरहेको छ । २४ घन्टायता सरकारले १० हजार भन्दा धेरै पीसीआर परीक्षण गरेको छ । यो एकैदिन गरिएको हालसम्मकै धेरै परीक्षण हो । तर, देशका तराई क्षेत्रसहित काठमाडौं उपत्यकामा पनि कोरोना पुनः फैलिन थालेको छ । मोरङ, पर्सा, धनुषा र बाँकेसहितका जिल्लामा कोरोना समुदायसम्म पुगेको अनुमान गरिएको छ । ती स्थानमा अहिले लकडाउन र निषेधाज्ञामा कडाई गरिँदैछ । गम्भीर लक्षणसहित भेटिएका बिरामीलाई अस्पतालका आइसीयु र भेन्टिलेटरसम्म पुऱ्याइएको छ । यस्तो अवस्थामा सरकारले पुनः लकडाउन कार्यान्वयन रणनीति बनाएका कुरा आइरहेका छन् । महामारीको लहर व्यापक फैलने जोखिम रहेका बेला यसलाई रोकथाम गर्न र नागरिकको ज्यान बचाउन सरकारको तयारी कस्तो छ त ? के रणनीति बनाइरहेको छ ?**

**यसै सेरोफेरोमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सह–प्रवक्ता डा. समिर कुमार अधिकारीसँगको कुराकानी :**

**लकडाउन खुलेपछि पर्साको वीरगन्जसहित केही स्थानमा कोरोना संक्रमण नियन्त्रणभन्दा बाहिर जाने देखिँदैछ, रोकथाम र नियन्त्रणतर्फ सरकारको के-कस्तो तयारी छ ?**

वीरगञ्जमा देखिएको संक्रमण नियन्त्रण बाहिर गएजस्तो देखिँदैन । जोखिमपूर्ण छ, तर नियन्त्रणभन्दा बाहिर गइसकेको भनिहाल्नुपर्ने अवस्था छैन । सरकारकातर्फबाट नागरिकलाई गरिएको आग्रह कार्यान्वयन भए यसलाई सहजै नियन्त्रण गर्न सकिन्छ । स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाउन भनिएको छ । संक्रमण हुनबाट सुरक्षित रहनको लागि मास्क, स्यानिटाइजर तथा सामाजिक दूरी काय गरिनुपर्छ । सरकारको तर्फबाट काम भइरहेको छ, अब नागरिक नै बढी जिम्मेवार हुनुपर्छ ।

**संकट बढिरहेकै छ, थप स्वास्थ्य टोलीको माग भइरहेको छ, महामारी फैलिरहेका बेला नागरिक मात्रै सचेत बन्ने हो या सरकारले पनि नियन्त्रणका लागि थप कदम चाल्नुपर्ने हो ?**

हामी वीरगञ्जसँग सम्पर्कमा छौं । जहाँ संक्रमित बढी छन् त्यहाँको अवस्थालाई गम्भीरतापूर्वक नै लिनुपर्छ । पर्साको वीरगञ्जलगायत अन्य स्थानमा भारत र अन्य मुलुकबाट धेरै मानिस आएका छन् । छिमेकी मुलुकमा समुदायस्तरमा बढी संक्रमित छन् । सीमा बन्द गरेपनि आउने क्रम रोकिएको छैन । उहाँहरुको प्रत्यक्ष सम्बन्ध नेपालमा रहेकोले पनि बढी संक्रमण देखिएको हो । पछिल्लो समय वीरगञ्जमा संक्रमण फैलिरहेको देखिन्छ । रोकथाम र नियन्त्रणका लागि केन्द्रबाट स्वास्थ्य सामग्री पठाएका छौँ । स्वास्थ्यकर्मीको टोली पनि पठाउने तयारी छ । निजी अस्पताललाई पनि प्रयोगमा ल्याउन सरकारले तयारी गरिरहेको छ ।

**कोरोनाको लक्षणसहितका संक्रमित देखिन थालेका छन्, संक्रमित संख्या बढ्दै गएकाले कतिपय बिरामीलाई आइसीयु र भेन्टिलेटरमा राख्न थालिएको छ, आइसीयु र भेन्टिलेटरको अवस्था कस्तो छ ?**

सुरुको समयमा भन्दा अहिले आइसीयु र भेन्टिलेटरको संख्या बढाइएको छ । यो धेरै महंगो पर्ने भएकोले तत्काल व्यवस्थापन गर्न सकिने अवस्था छैन । तर, सरकारले संख्या बढाउन सक्दो प्रयास गरिरहेको छ । केही थपिएको पनि छ । विश्व स्वास्थ्य संगठनले पनि वितरण गरिरहेको छ । भेन्टिलेटरको संख्या बढाउने माग र कुरा उठ्नु स्वाभाविक हो । व्यवहारिक रुपमा तत्काल असम्भव छ ।

**काठमाडौं उपत्यका प्रवेश गर्ने नाका-नाकामा स्वाब संकलन गरी कोरोना परीक्षण हुन थालेको छ, यो कतिको प्रभावकारी हँदैछ ?**

सरकारको तर्फबाट बारम्बार नागरिकलाई कोरोनाको जोखिम भएकाले सतर्कता अपनाउन आग्रह गरिएको छ । अत्यावश्यक कामबाहेक बाहिर ननिस्कन अनुरोध गरिरहेका छौं । बन्दाबन्दी खोलेपनि संक्रमण जोखिम नघटेको जानकारी दिएकै छौं । पाँच दिनदेखि नाकामा स्वाब संकलन र परीक्षण गरिएको छ । ८ हजारभन्दा धेरैमा संक्रमण भए-नभएको परीक्षण गरिएको छ । उपत्यका छिर्ने सबै अतिआवश्यक कामले आएको भन्छन् । त्यहाँ राख्दा पनि उनीहरुको काममा बाधा पनि पर्ला । व्यवहारिक पक्षलाई पनि हेर्नुपर्छ ।

नाकामै मानिसलाई राख्न व्यवहारिक रुपमा सम्भव भएन । स्थानीय सरकारले क्वारेन्टाइनमा राख्दा पनि सर्वसाधारणले होम क्वारेन्टाइनमा बस्न पाए हुने चाहना गरेका थिए । क्वारेन्टाइनमा बस्दा पूरा गर्ने मापदण्डमा घरमा बस्दा पूरा गर्न सक्ने आवाज तथा जनगुनासो आएको हो । त्यसैको आधारमा होम क्वारेन्टाइनमा बस्न दिएका हौं । राज्यले जनतालाई पूर्ण विश्वास गरेकोले पनि यस्तो सुविधा दिइएको हो । विपद्का बेला नागरिक पनि उत्तिकै जिम्मेवार बन्न जरुरी छ । हरेक व्यक्ति कोभिडको संक्रमित हुन् भन्ने ठानी सुरक्षित रहनुपर्छ । सबैलाई शंकाको घेरामा राखी अतिआवश्यक कामबाहेक बाहिर निस्कनु हुँदैन । निस्कँदा पनि सामाजिक दूरी कायम गर्नुपर्छ ।

**परीक्षण रिपोर्ट आउनुअघि नै संक्रमित सबैतर्फ घुमिसकेको हुन्छ, परीक्षणको गरेको के अर्थ भयो ?**

यस्तो बेलामा परीक्षण गर्न जाने मानिस बढी सचेत हुनुपर्छ । आफैंमा संक्रमण आशंका गरेर परीक्षण गर्न गएपछि सजगता पनि आफैंले अपनाउने हो । नागरिक आफै संवेदनशील भएर समाज र अन्य नागरिकलाई सुरक्षित राख्नेतर्फ व्यवहार गर्नुपर्छ । राज्यले १४ दिनसम्म अनिवार्य क्वारेन्टाइनमा राखेको थियो । भाइरस संक्रमण भएपनि त्यो सक्रिय हुँदैन थियो र अन्यमा सर्न पाउँदैन थियो । अब संक्रमण नफैलाउने जिम्मा नागरिककै काँधमा आएको छ ।

**संक्रमितको संख्या बढ्दै गएको छ, विभिन्न ठाउँमा ठूलो संख्यामा संक्रमित भेटिएका छन्, कोरोना समुदायमा गएको भन्न मिल्छ ?**

समुदायस्तरमा गयो भन्नलाई धेरै आधार हुन्छन् । केही आधारले समुदायमा गएको भनेर शंका गर्ने ठाउँ दिन्छन् । समुदायमा गएको भन्नलाई परीक्षण गरिएको दरको जोखिम मिल्नुपर्छ । त्यो अहिलेसम्म देखिएको छैन । ज्वरो, निमोनिया वा रुघा लागेर अस्पताल जानेको संख्या बढ्यो भने समुदायमा गयो भन्न मिल्छ । त्यो अवस्था पनि आएको छैन । अब जाने भनेको समुदायमा हो ।

**कोरोनाको पूर्ण संख्याभन्दा सक्रिय संक्रमितको संख्या कम छ, सरकारले यसलाई कसरी विश्लेषण गरिरहेको छ ?**

यो संक्रामक रोग हो । अन्य रोगजस्तो यसलाई शुन्य बनाउन सकिँदैन र भन्न पनि मिल्दैन । आज छ, भोलि सक्यो भनेर अवस्था पनि छैन । एक समयमा उच्च बिन्दुमा पुग्छ फेरि घट्छ । अन्य देशको तुलनामा नेपालमा निको हुनेको संख्या बढी छ । बढी जनघनत्व भएको ठाउँमा संक्रमण बढदै गएको छ । नियन्त्रणमा गयो भनेर कहिले भन्न मिल्दैन । जोखिम बढ्दै गएको छ । क्वारेन्टाइनमा बसेका मानिस भन्दा बाहिरका मानिसमा पनि पोजिटिभ देखिनु भनेको अलिक चिन्ताको विषय बनेको छ ।

**लकडाउन खुलेपछि संक्रमितको संख्या बढ्दै गएको छ, पुनः लकडाउन गर्ने तयारी हो ?**

राज्य निर्माण हुन धेरै संयन्त्रको जरुरी हुन्छ । सामाजिक, आर्थिक र जनजीविकाको अन्य पाटोलाई ध्यान दिई जनस्वास्थ्य र सामाजिक पाटोलाई जीवन्त राख्न लकडाउन खुला गरिएको हो । तर, जोखिम बढ्दै गएको छ । यसमा कसैले ढुक्क भएर बस्ने अवस्था छैन । कोरोना नियन्त्रण भयो भनेर लकडाउन खुला गरिएको होइन । जनस्वास्थ्यको जोखिम घटेको छैन, केही दिनदेखि बढ्दै गएको छ । नागरिकको जीवनलाई सहजता प्रदान गर्न र काम गरी खानेलाई काम गर्न दिनलाई पनि यस्तो गरिएको हो । यसमा सरकारले हतार गरेर लकडाउन खोल्यो भन्ने विषय अर्कै छ । किनभने त्यसमा नागरिकको पनि जीवन छ । अधिकांश नेपाली काम गरी खाने छन्, सधैंभरी लकडाउन गर्दा अझ गाह्रो होला भनेर खोलिएको हो ।

*-थाहाखबरबाट*

# मिडटाउनले गऱ्यो ह्वीलचियर वितरण

*बिर्तामोड ( प्रस) ।* रोटरी क्लव अफ बिर्तामोड मिडटाउनले शारीरिकरुपमा अशक्त भएका झापा भद्रपुर -३ वैसावारीका तीन जना विद्यार्थीलाई ह्वीलचियर वितरण गरेको छ । शारीरिकरुपमा अशक्त भएका झापा भद्रपुर -३ वैसावारीका लेखनाथ गणेश , लक्ष्मण गणेश र कृष्ण गणेशलाई ह्वीलचियर वितरण गरिएको हो । भद्रपुर -३ वैसावारीकै आदर्श आधारभूत बिद्यालयमा अध्ययनरत् उनीहरुलाई शारीरिकरुपमा अशक्त भएर विद्यालय आउन जान समस्या भएको भन्दै रोटरी क्लव अफ बिर्तामोड मिडटाउनले ह्वीलचियर वितरण गरेको रोटरी क्लव अफ बिर्तामोड मिडटाउनका प्रेसिडेन्ट प्रशान्त भण्डारीले वताए । घरको आर्थिक अवस्था कमजोर भएका कारण अभिभावकले ह्वीलचियर किन्न नसकेपछि कष्टपूर्ण ढंगले जीवन गुजार्दै आइरहेका उनीहरुलाई विद्यालय आउन जान समस्या भएपछि पढाईमा सहजता ल्याउन ह्वीलचियर वितरण गरेको उनले वताए । रोटरी क्लव अफ बिर्तामोड मिडटाउनका पदाधिकारीहरुले गत जुलाई १ तारिकदेखि सन् २०२०/०२१को जिम्मेवारी सम्हाले लगत्तै पहिलो कार्यक्रमको रुपमा शारीरिकरुपमा अशक्त भएका विद्यार्थीलाई ह्वीलचियर वितरण गरेको उनले वताए । भद्रपुर -३ वैसावारीकै आदर्श आधारभूत बिद्यालयमा कक्षा ५ मा अध्ययनरत् लेखनाथ गणेश ,कक्षा एकमा अध्ययनरत् लक्ष्मण गणेश र कक्षा एलकेजीमा अध्ययनरत् कृष्ण गणेशलाई वावुआमाले वोकेर विद्यालय ल्याउने र विद्यालय छुट्टी भएपछि घर लैजाने गरेको आदर्श आधारभूत बिद्यालयका प्रधानाध्यापक ललितबहादुर तामाङले वताए । रोटरी क्लव अफ बिर्तामोड मिडटाउनका प्रेसिडेन्ट प्रशान्त भण्डारीको अध्यक्षता तथा भद्रपुर नपा वडा नं. ३ कि अध्यक्ष कमला थुलुङको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो ।

कार्यक्रममा वडाध्यक्ष थुलुङले समाजमा अपांगता भएकालाई हेर्ने दृष्टी फरक रहेको बताइन् । उनले शारीरिकरुपमा अशक्त भएर हिंडडुल गर्न नसकी विद्यालय आउन जान नसक्ने विद्यार्थीहरुलाई छनौट गरेर ह्वीलचियर वितरण गरेकोमा रोटरी क्लव अफ बिर्तामोड मिडटाउनलाई धन्यवाद दिइन् । रोटरी क्लव अफ बिर्तामोड मिडटाउनले विद्यालयमा ह्वीलचियर वितरण गर्छ भन्ने सुनेर ह्वीलचियर लिन वावुआमाले वोकेर विद्यालय ल्याएका विद्यार्थीहरु ह्वीलचियरको सहारामा घर फर्किएका थिए । शारीरिकरुपमा अशक्त भएर हिंडडुल गर्न नसकेका उनीहरु रोटरी क्लव अफ बिर्तामोड मिडटाउनले प्रदान गरेको ह्वीलचियरको सहारामा हिंडडुल गर्न पाउँदा निकै खुशी भएका थिए । घरको आर्थिक अवस्था कमजोर भएका कारण ह्वीलचियर किन्न नसकेर पढाई नै छुटाउन वाध्य उनीहरुले अव ह्वीलचियरको सहारामा विद्यालय आफैं जान सक्ने प्रतिकृया दिए ।

सानो हुँदा लेखनाथलाई वोकेर विद्यालय लान सजिलो भएपनि उमेर वढ्दै गएपछि वोकेर लान कठीन भएको लेखनाथ गणेशका वुवा मोहनलाल गणेशले वताए । ह्वीलचियर पाएपछि उनले भने- पैसा नभएर ह्वीलचियर किन्न सकेको थिइन । रोटरी क्लव अफ बिर्तामोड मिडटाउनले दिएको ह्वीलचियर छोराका लागि बरदान सावित भयो । अव छोरो मज्जाले विद्यालय जान्छ ।

**कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **‘कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष’** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ–संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं.** १९६०००००११०१

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# प्रधानमन्त्रीलाई ’रक्सी उपहार’

*झापा ( प्रस) ।* स्थानीय रक्सी बन्द गरी बहुराष्ट्रिय कम्पनीद्वारा उत्पादित विभिन्न ब्राण्डका रक्सीहरुको प्रवर्द्धन गरिएको विरोधमा प्रधानमन्त्री केपी ओलीलाई रक्सी उपहार पठाइएको छ ।

किरात राई यायोक्खाले खोटाङका प्रमुख जिल्ला अधिकारी शालिकराम शर्मा पौडेलमार्फत् ज्ञापनपत्रसहित कोदोबाट बनाइएको ’रक्सी उपहार’ पठाएको हो । किराती संस्कृतिमा जन्मदेखि मृत्युसम्म रक्सीको चलन छ । स्थानीय रक्सीलाई बन्द गराउनु किराती संस्कृतिविरुद्ध राज्य उभिएकोले त्यसको अन्त्य हुनु पर्ने ज्ञापनपत्रमा उल्लेख छ ।

किराती आमा चेलीहरुलाई उत्पादन गरेको रक्सीलाई प्रतिबन्ध नगरी ब्राण्ड बनाएर आर्थिक समृद्धि हासिल गर्नुपर्नेमा ज्ञापनपत्रमार्फत सुझाइएको छ । यायोक्खा खोटाङको विज्ञप्तीमा छ-‘जबसम्म राष्ट्रले स्थानीय उत्पादनलाई प्रोत्साहन, लगानी र प्रवर्द्धन गर्दैन तबसम्म समृद्धि सम्भव छैन ।’

# वीरगञ्जमा कोरोना संक्रमणबाट थप एकको मृत्यु

*झापा ( प्रस) ।* वीरगञ्जमा कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट थप एक जनाको मृत्यु भएको छ । यससँगै पछिल्लो १० दिनमा कोरोना संक्रमणका कारण पर्सामा मृतकको संख्या १० पुगेको छ । नारायणी वयोधा अस्पतालमा मृत्यु भएकी वीरगञ्ज-१६ नगवाकी ५० वर्षीया महिलामा कोरोना संक्रमण पुष्टि भएको हो । बयोधा अस्पतालमा साउन १४ गते बुधबार भर्ना भएकी उनको शुक्रबार स्वाबको नमुना संकलन गरी पीसीआर परीक्षणका लागि नारायणी अस्पतालको पीसीआर ल्याबमा पठाइएको थियो । तर रिपोर्ट नआउँदै बिहान १० बजे मृत्यु भएको थियो । उनलाई शुक्रबार राति पोजेटिभ रिपोर्ट आएको छ । शुक्रबार भएको भएकी महिलामा कोरोना संक्रमण पुष्टि भएको नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डाक्टर मदनकुमार उपाध्यायले जानकारी दिए ।

सुगरबाट ग्रसित महिलामा निमोनिया र हाईपर टेनसन समेत रहेको नारायणी अस्पतालका डा. निरज सिंहले जानकारी दिए । उनीसँगै संक्रमण पुष्टि भएकी नगवाकी ६० बर्षीया महिलाको अवस्था पनि गम्भिर छ । उनको बयोधा अस्पतालमै आईसीयूमा उपचार भइरहेको छ ।

# कार्यकक्षमै कुटिए उपसचिव सञ्जेल

*बिर्तामोड ( प्रस) ।* श्रम तथा रोजगार कार्यालय विराटनगरका प्रमुख प्रेमप्रसाद सञ्जेलमाथि कार्यकक्षमै कुटपिट भएको छ । भ्रष्टाचारविरुद्ध खरो अभिव्यक्ति दिँदै आएका उपसचिव सञ्जेलमाथि शनिबार बिहान कार्यकक्षमै कुटपिट भएको हो । कुटपिटमा संलग्न भएको आरोपमा प्रहरीले दुई महिला कर्मचारीलाई नियन्त्रणमा लिएको छ । प्रहरीले कार्यालयका सहयोगी कर्मचारी नेत्र भट्टराई र मेनुका सापकोटा कोइरालालाई नियन्त्रणमा लिएको हो । उनीहरु दुबै करारका कर्मचारी हुन् । सञ्जेलमाथि पेपर वेटको डल्लो, चप्पल, पञ्चिङ मेसिन लगायत प्रहार भएको प्रहरीले बताएको छ ।

जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी उपरीक्षक सन्तोष खड्काले कुटपिट गर्ने कर्मचारी र सञ्जेल विवादबारे छलफल भइरहेको बताए । प्रहरी स्रोतका अनुसार सञ्जेलसँग छलफल गर्नु छ भन्दै कार्यकक्षमा प्रवेश गरेका दुई जना कर्मचारीले काममा पेलेको र गालीगलौज गरेको भन्दै कुटपिट गरेको बताएका छन् ।

सञ्जेल भ्रष्टाचार विरोधी अभियानको अभियान्ताको रुपमा चिनिन्छन् भने उनको खरो स्वभावले धेरैलाई आक्रोशित तुल्याउने गरेका छन् । यस अघि पनि सञ्जेल माथि यौन दुर्व्यवहार गरेको अभियोग महिला कर्मचारीबाट लागेको थियो ।

प्रतिदिन

**वर्गीकृत विज्ञापन**

**विवाह कार्ड**
स्टाम्प
साथै अन्य
छपाई सम्बन्धी सम्पूर्ण
काम गर्नु परेमा सम्झनुहोस्
**न्यू के.के. प्रिन्टर्स**
बिर्तामोड कृषिथोक बजार
९८५२६७९०२९, ९८०२६७९०२९
९८४२७८१०२९

**अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा**
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

**आवश्यकता**
सेक्युरीटी गार्ड :
80 जना(महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि. बिर्तामोड, भद्रपुर रोड
फोन: ०२३-५४३००३, ५४६६१४
९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**3D BOARD**
-2D Board
-Flex Print
-Sticker
Decoration
**बिचित्र डिजाईन**
दमक-८, पत्लेटी रेष्टुरेन्टसँगै
९८६२१७८११४, ९८१०१७१६१६

**हरि ओम (UPVC) उद्योग**
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस् ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

**तपाईंकोमा प्रतिदिन आएन ?**
नआएमा
सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :**

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७०१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१६०८८९५९

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**राशिफल**

**मेष** : रचनात्मक काममा जुट्ने समय छा तर, परिस्थितिले सोचेभन्दा फरक मोडलिन सक्छ ।
**वृष** : समयमा वचन पुर्याउन नसक्ता अरूले आलोचना गर्न सक्छन्,आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ ।
**मिथुन** : सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर जुट्नेछ । नयाँ कामको प्रस्ताव प्राप्त हुनेछ ।
**कर्कट** : सुरुमा खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ । फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला ।
**सिंह** : आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ ।
**कन्या** : पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्न सक्छ । ईर्ष्या गर्नेहरू सक्रिय रहनेछन्
**तुला** : पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्ला। सोचेको उपलब्धि प्राप्त नहुन सक्छ ।
**वृश्चिक** : स्वास्थ्य कमजोर रहनाले चिताएको काम पूरा गर्न नसकिएला। न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने परिस्थिति
**धनु** : घुमफिर तथा मनोरञ्जनमा समय बित्नेछ । विचार नमिल्नाले आफन्तसँग मतभेद हुन सक्छ ।
**मकर** : सानातिना काममै अल्झनुपर्नेछ । अस्वस्थताले लक्ष्यमा पुग्न नसकिएला ।
**कुम्भ** : नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला ।अध्ययनमा ध्यान केन्द्रित नहुन सक्छ ।
**मीन** : हतारमा निर्णय लिँदा काम बिग्रन सक्छ । तत्कालको फाइदा हेर्दा पछिलाई समस्या पर्नेछ ।